इलाम नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

इलाम, १ नं. प्रदेश, नेपाल

# शिलवन्दी बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशन मितिः २०७६/०७/०४**

इलाम नगरपालिका विभिन्न वडामा निर्माण जडान गरीने सौर्य सडक बत्तिहरू शिलबन्दी बोलपत्रबाट गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक योग्य नेपाली सौर्य सडक बत्तिको कार्य गर्ने संस्थाहरूका लागि निम्न शर्तहरूको अधिनमा रहि रितपूर्वकको शिलवन्दी बोलपत्र आह्वान गरिन्छ।

१. बोलपत्र खरिद प्रकृया भएको माध्यमबाट मात्र गरिएकोले website: www.bolpatra.gov.np®egp बाट bid document हरू मिति २०७६/०८/०३ कार्यालय समयसम्ममा download गर्न सकिने छ। e -submission का लागि बोलपत्र खरिद दस्तुर बापत राजश्व खातामा जम्मा गरेको र सम्बन्धित ठेक्का नं. र निर्माण कार्यको नाम खुलेको राजश्व दाखिला भौचर electronic bid files साथै पेश गर्नु पर्ने छ।

२. e-bidding मार्फत document खरीद गर्नको लागी रकम जम्मा गर्ने बैंकको विवरण निम्नानुसार रहेको छ। फ्याक्स ट्रान्सफर आदि मार्फत गरीने खरीद उपर कारवाही गरीने छैन।
वैंकको नामः- नेपाल वैक लि. इलाम संचित कोष खाता नं. :- ०४००३००००००००४००१००७

३. बोलपत्रदाताको व्यवसाय दर्ता प्रमाणपत्र, व्यवसाय इजाजत प्रमाणपत्र, स्थायी नम्बर लेखा नम्बर/मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र आ.ब.२०७५/०७६ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।

४. बोलपत्र फारम मिति २०७६/०८/०४ गते दिनको १२.०० बजे भित्र e-submission गर्न सकिने छ। e-submitted बोलपत्रहरू सोही दिनको १२.३० वजे यस कार्यालयमा उपस्थित बोलपत्रदाताहरू वा निजको अधिकार प्राप्त प्रतिनिधिहरू र विभिन्न कार्यालयका प्रतिनिधिहरूको रोहबरमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

५. बोलपत्र कागजात खरिद गरिने अन्तिम दिन वा बोलपत्र बुझाउने अन्तिम दिन विदा पर्न गएमा सो को लगतै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्न र बुझाउन सकिने छ।

६. बोलपत्र साथ ने.वै.लि. इलामस्थित इलाम नगरपालिकाको धरौटी खाता नं. ०४००३००००००००३०००४३ मा फर्मको नामबाट तपसिलमा उल्लेखित बोलपत्र जमानत बापतको रकम जम्मा गरेको भौचर वा बोलपत्र पेश गर्ने अन्तिम मितिदेखि कम्तिमा १२० (एकसय बीस दिन) म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त "क" वर्गका वाणिज्य बैंकहरूवाट यस कार्यालयको नाममा जारी गरिएको जमानी पत्र (विडबण्ड) पेश गर्नु पर्ने छ। सो जमानीपत्र/भौचरमा सम्बन्धित ठेक्का नं. र निर्माण कार्यको नाम उल्लेख भएको हुनु पर्ने छ। सम्झौता सम्पन्न भएपछि मात्र बोलपत्र जमानत बापतको रकम फिर्ता गरिनेछ।

७. एउटा फर्मका नामबाट खरिद गरिएको बोलपत्र कागजात अर्को फर्मका नाममा दाखिला गर्न पाईने छैन।

८. स्थानीय तथा नेपाल सरकारलाई बुझाउनु पर्ने सबै प्रकारका करहरू बोलपत्रदाता स्वयम् आफैले बुझाउनु पर्नेछ।

९. अन्य विस्तृत विवरण Bid Document को Bid Data Sheet मा उल्लेख गरिएको छ। सो सम्बन्धमा आवश्यक पर्ने प्रमाणहरू पेश गर्ने जिम्मेवारी बोलपत्रदाताको हुनेछ।

१०. सूचना तथा बोलपत्र कागजातको शर्त विपरित भएको वा कुनै थपघट गरिएको रित नपुगेको, म्याद नाघी पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

११. बोलपत्रको परीक्षण बोलपत्र कागजात अनुसार हुनेछ र परीक्षण गर्न लाग्ने भए सम्पूर्ण खर्च कवोल दररेटमा नै समावेश गर्नुपर्नेछ।

१२. बवोलपत्रदाताहरूले आफ्नो बोलपत्र दाखिला गर्नु अगावै बोलपत्रमा उल्लेखित विवरण अनुसार परियोजनाको स्थलगत निरीक्षण गरी पेश गर्न सकिनेछ।

१३. e -submission सम्बन्धि जानकारी Annex 1 मा राखिएको छ तथा सार्वजनिक खरीद अनुगमन कार्यालयको website बाट हेर्न सकिनेछ।

१४. सुचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य विषयको हकमा स्थानीय सरकार संचालन ऐन २०७४ तथा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित), प्रचलित ऐन नियम तथा नगरपालिकाको निर्णय अनुसार हुनेछ।

१५. बोलपत्र शर्तरहित मूल्यपत्र लगायत कार्यालयबाट उपलब्ध गराएका कागजात फाराममा कुनै थपघट वा द्रष्टब्य नलेखिएको हुनुपर्नेछ।

१६. शिलबन्दी बोलपत्रको अन्य कागजातमा (भाषागत समेत) त्रुटी भएमा वा विषय वा प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै बेला सच्याउन बाधा पर्ने छैन। कार्यालयको हितलाई ध्यानमा राखी सबै बोलपत्र, पुरै वा आंशिक रूपमा स्वीकार/ स्विकृत गर्ने वा अस्वीकार/ अस्विकृत गर्ने वा सूचना नै रद्द गर्ने लगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहकोछ।

१७. बोलपत्र सम्वन्धि थप जानकारीका लागि कार्यालय समयमा यस कार्यालयको शहरी पूर्वाधार विकाश शाखा वा वेबसाईट www.ilammun.gov.np मा सम्पर्क गर्न/ हेर्न सकिनेछ।

**शिलवन्दी बोलपत्र सम्बन्धि कार्यको विवरण**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान रकम रु. (भ्याट, कन्टिन्जेन्सि तथा मर्मतकोष बाहेक) | बोलपत्र जमानत र कम रु. | बोलपत्र फारम खरीद दस्तुर रु. | बोलपत्र खरिद गर्न सकिने अवधि |
|---|---|---|---|---|---|---|
| १. | इनपा/इलाम/एनसिवि/ निर्माण ०१/२०७६/०७७ | सौर्य सडक बत्ति कार्यक्रम। (Supply & Installation of Solar Street light System) | ८५,४०,१९६.६४ | २,९०,०००.०० | ३,०००.०० | २०७६/०८/०३ कार्यालय समय सम्ममा |

प्रेमकुमार गौतम

नि. प्रमुख प्रशासकिय अधिकृत